वैठक नं ९६

**आज मिति २०८१ फागुन महिनाको २८ गते नेपाल सम्वत ११४५ चिल्लाथ्व त्रयोदशी बुधबारको दिन विहान ११ बजे पालुङटार नगरपालिकाका नगरप्रमुख श्री बिवस चिन्तनज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकमा निम्न व्यक्तिहरुको उपस्थितिमा निम्न निर्णय भई सम्पन्न भयो ।**

| सि.नं. | नाम थर | पद | वडा नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | विवस चिन्तन | नगर प्रमुख | पालुङटार ४ गोरखा | |
| २ | बन्दना पाण्डे | उप प्रमुख | पालुङटार ६ गोरखा | |
| ३ | कृष्ण बहादुर परियार | वडा अध्यक्ष | पालुङटार १ गोरखा | |
| ४ | कृष्ण बहादुर थापा मगर | वडा अध्यक्ष | पालुङटार २ गोरखा | |
| ५ | रबिन्द अधिकारी | वडा अध्यक्ष | पालुङटार ३ गोरखा | |
| ६ | मान बहादुर पौडेल | वडा अध्यक्ष | पालुङटार ४ गोरखा | |
| ७ | दीपक पाण्डे | वडा अध्यक्ष | पालुङटार ५ गोरखा | |
| ८ | चेत बहादुर गुरुङ | वडा अध्यक्ष | पालुङटार ६ गोरखा | |
| ९ | अर्जुन बहादुर कुमाल | वडा अध्यक्ष | पालुङटार ७ गोरखा | |
| १० | होप बहादुर नेपाली | वडा अध्यक्ष | पालुङटार ८ गोरखा | |

| | | | | |
|---|---|---|---|---|
| ११ | भेज राज पाण्डे | वडा अध्यक्ष | पालुङ्टार ९ गोरखा | |
| १२ | रिखिराज धौराली | वडा अध्यक्ष | पालुङ्टार १० गोरखा | |
| १३ | मनिका अधिकारी लिम्बु | कार्यपालिका सदस्य | पालुङ्टार २ गोरखा | |
| १४ | पार्वती नेपाली | कार्यपालिका सदस्य | पालुङ्टार २ गोरखा | |
| १५ | मिना सुनार | कार्यपालिका सदस्य | पालुङ्टार ४ गोरखा | |
| १६ | हर्क बहादुर नेपाली | कार्यपालिका सदस्य | पालुङ्टार ५ गोरखा | |
| १७ | पम्फा वि.क. सुनार | कार्यपालिका सदस्य | पालुङ्टार ७ गोरखा | |
| १८ | अर्जुन वि.क. | कार्यपालिका सदस्य | पालुङ्टार ८ गोरखा | |
| १९ | मिन माया लामा | कार्यपालिका सदस्य | पालुङ्टार ९ गोरखा | |
| २० | देवि माया योगी | कार्यपालिका सदस्य | पालुङ्टार १० गोरखा | |
| २१ | कमानसिं थापामगर | सदस्य सचिव | | |

**कर्मचारीहरु**

| | | | | |
|---|---|---|---|---|
| १ | धनेन्द्र श्रेष्ठ | योजना शाखा | गोरखा | |
| २ | राम जनम चौधरी | योजना शाखा | | |

पालुङटार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पालुङटार, गोरखा
गण्डकी प्रदेश, नेपाल

बैठक नं : ९६

मितिः २०८१/११/२८
ने.स ११४५ चिल्लाथ्व त्रयोदशी बुधबार

**कार्यपालिका बैठकका प्रस्तावहरु**

१. समिक्षा।
२. माघ महिनामा भुक्तानी भएको योजनाको फरफारक गर्ने सम्वन्धमा।
३. माघ महिनामा अनुगमन भएको योजनाको प्रतिवेदन पेश गर्ने सम्वन्धमा।
४. प्रारम्भिक बातावरणिय प्रतिवेदन स्वीकृत गर्ने सम्वन्धमा।
५. पालुङटार नगरपालिकाको हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०८१ पारित गर्ने सम्वन्धमा।
६. कार्यक्रम संचालन कार्यविधि संसोधन, तथा हाटबजार संचालन तथा व्यवस्थापन कार्यविधि पारित गर्ने सम्वन्धमा।
७. बढुवा नियुक्ति सम्वन्धमा।
८. शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजन सम्वन्धी कार्यदल गठन गर्ने सम्वन्धमा
९. वडा समितिको निर्णयहरु अनुमोदन गर्ने सम्वन्धमा।
१०. विविध।

# पालुङटार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पालुङटार, गोरखा
### गण्डकी प्रदेश, नेपाल

**विषयः** कृषि विकास कार्यक्रम संचालन कार्यविधि, २०७९, (दोश्रो संशोधन, २०८१)तथा हाटबजार संचालन तथा व्यवस्थापन कार्यविधि पारित गर्ने सम्वन्धमा।

**कार्यपालिका बैठकमा प्रस्ताव पेश गर्न नगर प्रमुखबाट स्वीकृत प्राप्त मितिः २०८१-११-२६**

**१. बिषयको संक्षिप्त व्यहोराः**

स्थानीय तहमा हाटबजारको प्रभावकारी संचालन तथा व्यवस्थापन सुनिश्चित गर्न आवश्यक कार्यविधि निर्माण प्रक्रियामा थप छलफल आवश्यक देखिएको छ। यस सन्दर्भमा, **स्थानीय सरकार संचालन ऐन,** २०७४को सम्बन्धित व्यवस्थाको आधारमा सो विषयलाई विषयगत समितिमा पठाई आवश्यक सुझाव संकलन गरी अन्तिम रुप दिने उद्देश्यले प्रस्ताव पेश गर्न लागिएको छ।

**२. प्राप्त परामर्श तथा अन्य प्रासँगिक कुराः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को विभिन्न प्रावधानहरूले स्थानीय तहलाई हाटबजार सञ्चालन तथा व्यवस्थापन सम्बन्धी नीति निर्माण, कार्यविधि तर्जुमा, कर तथा शुल्क निर्धारण, अनुगमन तथा व्यवस्थापन गर्न स्पष्ट अधिकार प्रदान गरेको छ। ऐन को दफा ११ (ञ), ११ (ण) ले दिएको अधिकारले यो कार्यविधि बनाउन सक्ने।

**३. प्रस्ताव पेश गर्नुको कारण र सम्वन्धित शाखाको सिफारीसः**

स्थानीय स्तरमा उत्पादित कृषि तथा पशुजन्य उत्पादनको विक्रि वितरण गरि स्थानीय स्तरमा नै रोजगारको सृजना आर्थिक गतिविधिको संचालन, बजार व्यवस्थापन गरि विक्रता र क्रेतालाई जोड्ने सेतुको रुपमा कार्य गर्न महत्वपुर्ण भुमिका रहने भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरि कार्यपालिकाले यो कार्यविधि बनाउन सक्ने।

**४. निर्णय हुनुपर्ने व्यहोरा**

कृषि विकास कार्यक्रम संचालन कार्यविधि, २०७९, (दोश्रो संशोधन, २०८१),तथा हाटबजार संचालन तथा व्यवस्थापन कार्यविधि पारित गर्ने।

## प्रमुख प्रशासकीय अधिकृतबाट निर्णय प्रमाणित

मिति २०८१-११-२८ गतेको नगर कार्यपलिकाको ९६ औ बैठकमा,कृषि विकास कार्यक्रम संचालन कार्यविधि, २०७९, (दोश्रो संशोधन, २०८१)तथा हाटबजार संचालन तथा व्यवस्थापन कार्यविधि पारित गर्ने सम्वन्धमा प्रस्ताव पेश भएकोमा सो प्रस्तावमा लेखिए बमोजिम गर्ने ।

कमानसिं थापा मगर

प्रमुख प्रशासकीय अधिकृत

मितिः २०८१-१२-०१

# पालुङ्टार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पालुङ्टार, गोरखा
### गण्डकी प्रदेश, नेपाल

विषयः प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत सम्बन्धमा ।

कार्यापालिका बैठकमा प्रस्ताव पेश गर्न स्वीकृत प्रास मितिः २०८१-११-२६

१. बिषयको संक्षिप्त व्यहोराः

पालुङटार नगरपालिका वडा नं. ७ स्थित श्री एकिकृत कृषि वहुउद्येशिय प्रा.लि. ले वधशाला स्थापनाका लागि प्रकृया अगाडि बढाएको उक्त वधशाला स्थापनाका लागि वातावरण संरक्षण नियमावली २०७७ को अनुसुची २ को ठ को (२) अनुसार प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने कानुनी व्यवस्था भए अनुसार उक्त श्री एकिकृत कृषि बहुउद्येशीय प्रा.लि. ले प्रारम्भिक वातावरणीय परीक्षण गरि प्रतिवेदन पेश गरेकोले उक्त प्रतिवेदनमा छलफल गरि स्वीकृत गर्नुपर्ने ।

२. प्रास परामर्श तथा अन्य प्रासंगिक कुराः

स्थानीय सरकार संचालन ऐनको दफा ११ को उपदफा ण ( ११ ) अनुसार पशु वधशाला र शीत भण्डारणको व्यवस्थापन र नियमन स्थानीय सरकारको अधिकार रहेको र वातावरण संरक्षण नियमावली २०७७ को अनुसुची २ को ठ (२) को ज बमोजिम वधशाला स्थापनाका लागि प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने कानुनी व्यवस्था रहे अनुसार श्री एकिकृत कृषि बहुउद्येशीय प्रा.लि. ले वधशाला स्थापनाको लागि वातावरण संरक्षण नियमावली २०७७ को अनुसुची ११ अनुसारको ढाँचामा स्वीकृतीका लागि प्रारम्भिक वातावरणीय परीक्षण गरि प्रतिवेदन पेश गरेको ।

३. प्रस्ताव पेश गर्नुको कारण र शाखाको सिफारिसः

पालुङटार नगरपालिका वडा नं. ७ स्थित श्री एकिकृत कृषि बहुउद्येशीय प्रा.लि. ले वधशाला स्थापनाका लागि वातावरणीय संरक्षण नियमावली २०७७ अनुसार प्रारम्भिक वातावरणीय परीक्षण गरि प्रतिवेदन पेश गरेको र उक्त प्रतिवेदन वातावरण संरक्षण नियमावली २०७७ को अनुसुची ११ अनुसारको ढाँचामा रहेको र उक्त प्रतिवेदन कार्यपालिकावाट स्वीकृत हुनका लागि मनासिव रहेको व्यहोरा जानकारी गराउछु र पालुङटार नगरपालिका पशु सेवा शाखाको सिफारिस यसै पत्र साथ रहेको व्यहोरा पनि जानकारी गराउछु ।

४. निर्णय हुनुपर्ने व्यहोराः

श्री एकिकृत कृषि बहुउद्येशीय प्रा.लि. पालुङटार नगरपालिका वडा नं ७ ले वधशाला स्थापनाका लागि तयार पारेको प्रारम्भिक वातावरणीय परीक्षण छलफल गरि स्वीकृत गर्ने ।

## प्रमुख प्रशासकीय अधिकृतबाट निर्णय प्रमाणित

मिति २०८१-११-२८ गतेको नगर कार्यापलिकाको ९६ औ बैठकमा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वकृती सम्बन्धमा प्रस्ताव पेश भएकोमा सो प्रस्तावमा लेखिए बमोजिम गर्ने ।

२०८१।१२।०१

कमानसिं थापा मगर

प्रमुख प्रशासकीय अधिकृत

मितिः २०८१-१२-०१

## ३. प्रस्ताव पेश गर्नुको कारण र सम्वन्धित शाखाको सिफारीसः

न्यायिक समितिले आफनो अधिकार क्षेत्रको विषयमा न्याय सम्पादन गर्ने क्रममा हिंसा (घरेलु हिंसा वा लैङ्गिक हिंसा ) सम्वन्धी निवेदन उपर काम कारबाही गर्दा हिंसा पीडित प्रभावितको लागि आर्थिक राहत तथा सहयोग पुऱ्याउनको लागि कोषको स्थापना गर्नु पर्ने महशुस गरेकाले न्यायिक सिमतिको आ.ब ०८१/०८२ को नीति तथा कार्यक्रममा हिंसा पीडित कोष भनेर कार्यक्रम रहेकोले उक्त कार्यक्रम कार्यान्वयन तथा कोष सञ्चालनको लागि कार्यविधि आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफ २ ले दिएको अधिकार प्रयोग गरी कार्यपीलकाले कार्यविधि बनाउनको लागि यो प्रस्ताव पेश गरेको छ।

## ४. निर्णय हुनेपर्ने व्यहोराः

प्रत्येक व्यक्तिको सुरक्षित र सम्मानजनक तवरले बाच्न पाउने अधिकारको सम्मान गर्दै घर परिवारसँग गासिएर वा घर परिवार बाहिरा हुने हिंसाजन्य कार्यलाई दण्डनीय बनाई त्यस्तो कार्य नियन्त्रण गर्न, हिंसाबाट पीडित प्रभावित व्यक्तिलाई संरक्षण गरी न्याय प्रदान गर्ने सम्वन्धमा आर्थिक व्यवस्था गर्नु आवश्यक भएकोले पालुङटार नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ ले दिएको अधिार प्रयोग गरी **पालुङ्टार नगर कार्यपालिकाले पालुङ्टार नगरपालिकाको हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०८१** पारित गर्ने निर्णय ।

## प्रमुख प्रशासकीय अधिकृतबाट निर्णय प्रमाणित

मिति २०८१-११-२८ गतेको नगर कार्यापलिकाको ९६ औ बैठकमा पालुङटार नगरपालिकाको हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०८१ पारित गर्ने सम्वन्धमा प्रस्ताव पेश भएकोमा सो प्रस्तावमा लेखिए बमोजिम गर्ने।

कमानसिं थापा मगर

प्रमुख प्रशासकीय अधिकृत

मितिः २०८१-१२-०१

# पालुङटार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पालुङटार, गोरखा
### गण्डकी प्रदेश, नेपाल

**विषय:** माघ महिनामा योजना तथा कार्यक्रमको अनुगमन प्रतिवेदन पेश सम्वन्धमा।

**कार्यपालिका बैठकमा प्रस्ताव पेश गर्न नगर प्रमुखबाट स्वीकृत प्राप्त मिति: २०८१-११-२६**

**१. बिषयको संक्षिप्त व्यहोरा:**

पालुङटार नगरपालिका योजना तथा कार्यक्रम मध्ये माघ महिनामा भएका अनुगमनको प्रतिवेदन पेश गर्नु पर्ने कानुनी व्यवस्था भएको।

**२. प्राप्त परामर्श तथा अन्य प्रासँगिक कुरा:**

स्थानीय सरकार संचालन ऐन-२०७४ को दफा १६ उपदफा ४ (ख) र स्थानीय तह वित्तिय सुशासन जोखिम मुल्याङ्कनको सूचकहरुमा एक सूचकको रुपमा रहेको।

**३. प्रस्ताव पेश गर्नुको कारण र सम्वन्धित शाखाको सिफारीस:**

स्थानीय सरकार संचालन ऐन २०७४ ले स्थानीय तहमा संचालित योजना तथा कार्याक्रमहरुको अन्तिम अनुगमन गरि सामाजिक / आर्थिक पक्षहरुको अवलोकन निरिक्षण अनुगमन गरि सोको जानकारी कार्यपालिकाकालाई दिनु पर्ने कानुनी व्यवस्था रहेकोले यो प्रस्ताव पेश गरिएको।

**४. निर्णय हुनेपर्ने व्यहोरा:**

- माघ महिनामा अनुगमन समिति मार्फत अनुगमन भई भुक्तानीका लागि आर्थिक प्रशासन शाखामा पेश गरिएको अनुसूची १ बमोजिमका योजनाहरुको विवरण अनुमोदन गर्ने।

## प्रमुख प्रशासकीय अधिकृतबाट निर्णय प्रमाणित

मिति २०८१-११-२८ गतेको नगर कार्यापलिकाको ९६ औ बैठकमा माघ महिनामा योजना तथा कार्यक्रमको अनुगमन प्रतिवेदन अनुमोदन गर्ने सम्वन्धमा प्रस्ताव पेश भएकोमा सो प्रस्तावमा लेखिए बमोजिम गर्ने ।

२०८१।१२।०१

कमानसिं थापा मगर

प्रमुख प्रशासकीय अधिकृत

मितिः २०८१-१२-०१

# पालुङ्टार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

**पालुङ्टार, गोरखा**
**गण्डकी प्रदेश, नेपाल**

**विषयः** माघ महिनामा भुक्तानी भएका योजनाको फरफारक सम्वन्धमा ।

**कार्यपालिका बैठकमा प्रस्ताव पेश गर्न नगर प्रमुखबाट स्वीकृत प्राप्त मितिः २०८१-११-२६**

**१. बिषयको संक्षिप्त व्यहोराः**

पालुङ्टार नगरपालिकाले माघ महिनामा कार्य सम्पन्न भई भुक्तानी मागका लागि आएको योजनाहरुको रित पुर्वक भुक्तानी भएको विवरण कार्यपालिकाबाट फरफारक पर्ने भएको ।

**२. प्राप्त परामर्श तथा अन्य प्रासँगिक कुराः**

स्थानीय सरकार संचालन ऐन-२०७४ को दफा ७६ उपदफा ३ र दफा ८४ उपदफा २ (ङ) साथै स्थानीय तह वित्तिय सुशासन जोखिम मुल्याङ्कनको सूचकहरुमा एक सूचकको रुपमा रहेको ।

**३. प्रस्ताव पेश गर्नुको कारण र सम्वन्धित शाखाको सिफारीसः**

यस नगरपालिकाबाट कार्य सम्पन्न भई भुक्तानी भएको योजनाहरुको विवरण सम्पुर्ण कार्यपालिकाको सदस्यलाई जानकारी दिने तथा पारदर्शिता जवाफदेहीता वृद्धि गर्न आवश्यक भएकोले यो पस्ताव पेश गरिएको छ ।

**४. निर्णय हुनेपर्ने व्यहोराः**

- माघ महिनामा भुक्तानी भएको अनुसूचीमा सङ्लग्न योजनाहरु फरफारक गर्ने ।

## प्रमुख प्रशासकीय अधिकृतबाट निर्णय प्रमाणित

मिति २०८१-११-२८ गतेको नगर कार्यापलिकाको ९६ औ बैठकमा माघ महिनामा भुक्तानी भएको योजनाको फरफारक गर्ने सम्वन्धमा प्रस्ताव पेश भएकोमा सो प्रस्तावमा लेखिए बमोजिम गर्ने ।

२०८१।१२।०१

कमानसिं थापा मगर

प्रमुख प्रशासकीय अधिकृत

मितिः २०८१-१२-०१

पालुङटार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पालुङटार, गोरखा
गण्डकी प्रदेश, नेपाल

विषय :- सामुदायिक विद्यालयका शिक्षकहरुको दरबन्दी मिलान तथा विद्यालय समायोजन तथा एकीकरण सम्बन्धी कार्यदल गठन सम्बन्धमा।

कार्यपालिकाको बैठकमा प्रस्ताव पेश गर्न नगर प्रमुखबाट स्वीकृत प्राप्त मिति :- २०८१-११- २६

१. विषयको संक्षिप्त विवरण :

नगरपालिकाको जनसाङ्ख्यिक संरचनामा आएको परिवर्तन, तीव्र सहरीकरण, सडक यातायातको संजालमा भएको वृद्धि, ठूला र आवासीय विद्यालयप्रतिको आकर्षण बढ्दै गएकाले सार्वजनिक विद्यालयमा आधारभूत पूर्वाधार विकास, दक्ष विषयगत शिक्षकको प्रबन्ध, सिकाइ वातावरणको सुनिश्चितता गर्दै त्यस्ता विद्यालयको सवलीकरण र सुदृढीकरण गर्न दुई वा सो भन्दा बढी विद्यालयहरु एक आपसमा समायोजन एवम् एकीकरण गरी विद्यालय शिक्षामा बालबालिकाको समतामूलक पहुँच सुनिश्चित गर्दै शैक्षिक गुणस्तर अभिवृद्धि गर्न सामुदायिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम र नगरपालिकाभित्र भएको शिक्षक विद्यार्थीको असमान अनुपातलाई न्युनिकरण गरी प्रभावकारी र व्यवस्थित रुपमा शैक्षिक क्रियाकलाप सञ्चालन गर्न वाञ्छनीय रहेको।

२. प्राप्त परामर्श तथा अन्य प्रासँगिक कुरा :

नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७७/०२/११ को निर्णयानुसार स्वीकृत सार्वजानिक विद्यालय समायोजन तथा एकीकरण कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७७ को परिच्छेद (३) दफा ५ (१) र (२) को आधार मा परिच्छेद (४) को दफा ७ (घ) मा स्थानीय तहले सार्वजानिक विद्यालयको समायोजन तथा एकीकरण गर्नसक्ने व्यवस्था रहेको। मन्त्रालयको मिति २०७६/१०/१२ गतेको माननिय मन्त्रीस्तरको निर्णयानुशार स्वीकृत शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६को परिच्छेद-२ दफा(३) को आधारमा परिच्छेद-५को दफा (१२) बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्र रहेको शिक्षक दरबन्दीलाई प्रचलित नियम कानुनमा आधारित रहि मिलान तथा व्यवस्थापन गर्न सक्ने व्यवस्था रहेको।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र सम्बन्धित शाखाको सिफारिसः

कुनै विद्यालयहरुमा विद्यार्थी सङ्ख्याको आधारमा दरबन्दी सङ्ख्या बढी रहेको छ भने कुनै विद्यालयहरुमा विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दी न्यून रहेको छ। यो असमानतालाई न्यूनीकरण गरी पालुङटार नगरपालिका भित्रका विद्यालयहरुमा सिकाई वातावरण सुनिश्चित गर्न विद्यालय समायोजन तथा एकीकरण र शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन गर्ने कार्यको लागी अध्ययन कार्यदल गठन गर्न सिफारिस गरिएको छ।

४. निर्णय हुनुपर्ने व्यहोराः

पालुङटार नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुको समायोजन तथा एकीकरण र शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्य सम्पन्न गर्नुपर्ने। सो प्रयोजनको लागि देहाय बमोजिमको विद्यालय समायोजन तथा एकीकरण र शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यदल गठन गर्नुपर्ने।

संयोजक — भेजराज पाण्डे — संयोजक, सामाजिक विकास समिति
सदस्य — कृष्ण बहादुर थापा मगर — वडाध्यक्ष, पालुङटार-२
सदस्य — चेतनाथ पन्त - नेपाल शिक्षक महासंघका अध्यक्ष
सदस्य — विष्णु प्रसाद मरहठ्ठा — प्रधानाध्यापक, जनता माध्यमिक विद्यालय, पालुङटार-२, गोरखा
सदस्य सचिव — शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख

२०८१।११।२६

कमानसिं थापामगर
प्रमुख प्रशासकीय अधिकृत

कमानसिं थापामगर
प्रमुख प्रशासकीय अधिकृत

## प्रमुख प्रशासकीय अधिकृतबाट निर्णय प्रमाणित

मिति २०८१-११-२८ गतेको नगर कार्यपालिकाको ९६ औ बैठकमा सामुदायिक विद्यालयका शिक्षकहरुको दरबन्दी मिलान तथा व्यवस्थापन र विद्यालय समायोजन तथा एकीकरण सम्बन्धी कार्यदल गठन गर्ने सम्वन्धमा प्रस्ताव पेश भएकोमा सो प्रस्तावमा लेखिए बमोजिम गर्ने ।

२०८१।१२।०१

कमानसिं थापा मगर

प्रमुख प्रशासकीय अधिकृत

**कमानसिं थापामगर**
**प्रमुख प्रशासकीय अधिकृत**

बिषयः बढुवा नियुक्ति सम्बन्धमा।

कार्यपालिकाको बैठकमा पेश गर्न स्वीकृत मितिः- २०८१/११/२७

१. संक्षिप्त व्यहोराः

प्रदेश लोकसेवा आयोगको गण्डकी प्रदेश पोखराको च.नं. ७७, मिति २०८१/०६/०१ गतेको माग आकृति फारम भरी पठाउने सम्बन्धी प्राप्त पत्रानुसार यस नगरपालिका अन्तर्गत कृषि बिकास शाखामा रिक्त रहेको स्थानीय कृषि सेवा, अधिकृत सातौ तहको पदमा मिति २०८१/०६/०८ गते प्रदेश लोकसेवा आयोगमा रिक्त पदको पदपूर्तिका लागि माग आकृति फारम भरी पठाइएको थियो।

२. प्राप्त परामर्श तथा अन्य प्रासँगिक कुराः

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गण्डकी प्रदेश पोखराको (बढुवा समितिको सचिवालय) च.नं. ७३, मिति २०८१/११/२१ गतेको बढुवा नियुक्ति सम्बन्धि प्राप्त पत्रानुसार यस कार्यालयमा रिक्त रहेको स्थानीय कृषि सेवा कृषि अधिकृत/ सातौ तहमा स्थानीय सेवा (गठन तथा संचालन) ऐन २०७९ को दफा ४३ (२) बमोजिम बढुवा नियुक्तिको लागि श्री राजु गौतमलाई सिफारिस गरी पठाएको छ।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको सिफारिसः

स्थानीय सेवा (गठन तथा संचालन ) ऐन २०७९ को दफा १६ को उपदफा (१) मा स्थानीय सेवाको अधिकृत तहको पदमा कार्यपालिकाले नियुक्ति गर्ने त्यस्तो नियुक्तिको सूचना स्थानीय राजपत्रमा प्रकाशन गर्ने व्यवस्था अनुसार मिति २०८१/११/२८ गतेको कार्यपालिका बैठकमा पेश गर्न सिफारिस गरिएको छ।

४. निर्णय हुनुपर्ने व्यहोराः

स्थानीय कृषि सेवा, कृषि अधिकृत/ सातौ तहमा बढुवा नियुक्ति सिफारिस भई आउनुभएका श्री राजु गौतमलाई मिति २०८१/११/२१ गते देखि लागू हुने गरी नियुक्ति दिने र सो को जानकारी स्थानीय राजपत्रमा प्रकाशित गर्ने।

2081/11/26

कर्णनसिं थापामगर
प्रमुख प्रशासकीय अधिकृत

## कार्यपालिका बैठकको निर्णय

बढुवा नियुक्तिको बिषयमा मिति २०८१/११/२८ को कार्यपालिका बैठकमा प्रस्ताव पेश भएकोमा प्रस्तावमा लेखिए बमोजिम गर्ने।

२०८१।१२।०१

.............................................

कमान्सिं थापामगर

प्रमुख प्रशासकीय अधिकृत